# उद्योग विभागको अत्यन्त जरूरी सूचना

नेपाल राजपत्र, खण्ड ७४) काठमाडौं, पुस २९ गते, २०८१ साल (अतिरिक्ताङ्क ४८ मा प्रकाशित आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८१ मा औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ३ को उपदफा (१) पछि देहाय बमोजिमको उपदफा (१क) थपिएको: **“(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो उपदफा प्रारम्भ हुँदाका बखत दर्ता नगराई स्थापना तथा सञ्चालनमा रहेको उद्योगले यो उपदफा प्रारम्भ भएको मितिले एक वर्षभित्र उद्योग दर्ता गर्न निवेदन दिएमा त्यस्तो उद्योग दर्ता गर्ने निकायले दफा ४३ को उपदफा (१) बमोजिमको जरिवाना लिई सो उद्योग दर्ता गरी दिनुपर्नेछ।”** भन्ने व्यवस्था भएकोले हालसम्म उद्योग दर्ता नगराई स्थापना तथा सञ्चालनमा रहेको उद्योगले औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ४ बमोजिम उद्योग दर्ताको लागि आवश्यक कागजातसहित निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
उद्योग विभाग
अनुमति तथा दर्ता शाखा
त्रिपुरेश्वर, काठमाडौं

मितिः २०८१/१०/०६